# प्रदेश राजपत्र

मधेश प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८)जनकपुरधाम,नेपाल,फाल्गुन २७ गते,२०८१साल(संख्या१०

भाग २

## मधेश प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको

## सूचना

## प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८१

प्रस्तावना : प्रदेश निजामती सेवा नियमावली, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले मधेश प्रदेश सरकारले यो नियमावली बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस नियमावलीको नाम "प्रदेश निजामती सेवा (पहिलो संशोधन) नियमावली, २०८१" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ३७ मा संशोधनः

प्रदेश निजामती सेवा नियमावली, २०७९ को नियम ३७ को उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छ।

(२) लेखा समूहको अधिकृत आठौं तह र सो भन्दा मुनिका कर्मचारीहरुको सरुवा अर्थ मन्त्रालयको निर्णयबाट र अधिकृत नवौं र दशौं तहको कर्मचारीहरुको सरुवा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निर्णयबाट हुनेछ।

३. प्रदेश निजामती सेवा नियमावली, २०७९ को अनुसूची १ मा संशोधनः

प्रदेश निजामती सेवा नियमावली, २०७९ को अनुसूची १ को बूँदा नं. ९ मा रहेको "प्रदेश लेखा नियन्त्रकको कार्यालयको प्रमुख" हटाईएको छ।

४. प्रदेश निजामती सेवा नियमावली, २०७९ को अनुसूची २ मा संशोधनः

प्रदेश निजामती सेवा नियमावली, २०७९ को अनुसूची २ को सट्टा देहायको अनुसूची २ राखिएको छ।

| सेवा | समूह | संचालन गर्ने निकाय |
|---|---|---|
| कृषि | | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रलय |
| वन | | उद्योग, पर्यटन तथा वन मन्त्रालय |
| स्वास्थ्य | | समाजिक विकास मन्त्रालय |
| कानून | कानून | कानून, न्याय तथा प्रदेश सभा मामिला मन्त्रालय |
| कानून | प्रदेश सरकारी वकिल | मुख्य न्यायाधिवक्ताको कार्यालय |
| इन्जिनियरिङ्ग | सिभिल ईन्जिनियरिङ्ग, जियोलोजी | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| इन्जिनियरिङ्ग | मेकानिकल ईन्जिनियरिङ्ग | श्रम तथा यातायात मन्त्रालय |
| इन्जिनियरिङ्ग | सिभिल इन्जिनियरिङ्ग (स्यानिटरी उपसमूह) | खानेपानी तथा उर्जा विकास मन्त्रालय |
| इन्जिनियरिङ्ग | उर्जा प्रविधि समूह | |

| | | |
|---|---|---|
| इन्जिनियरिङ्ग | सूचना प्रविधि | गृह तथा सञ्चार मन्त्रालय |
| प्रशासन<br>विविध | सामान्य प्रशासन | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| आर्थिक योजना तथा तथ्याङ्क | तथ्यांक | |
| प्रशासन | लेखा, राजस्व | अर्थ मन्त्रालय |
| शिक्षा | | समाजिक विकास मन्त्रालय |

स्वीकृत मितिः २०८१/११/१२

आज्ञाले,
जय कुमार घिमिरे
प्रदेश सचिव